नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पि.एस.कोरिया शाखा**
**ग्वार्को, ललितपुर ।**

मिति:-२०८२।११।०५

# प्रेस विज्ञप्ती !

नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सन् २००७ मा रोजगार अनुमति प्रणाली (EPS) सम्झौता (MOU) भएपश्चात सन् २०२५ मा मात्रै बिभिन्न क्षेत्र गरी ११९७८ जना समेत हालसम्म करिब १,२१,००० जना नेपाली श्रमिकहरु दक्षिण कोरिया गएर रोजगारी प्राप्त गरिसकेको अवस्था छ।

सन् २०२५ को उत्पादनमूलक क्षेत्रको भाषा परीक्षा मिति २०८२/१०/२७ गते सकिएको र कृषी तथा पशुपालन क्षेत्रको भाषा परीक्षा मिति २०८२/११/०३ गते देखि सञ्चालनमा रहेको अवस्था छ। उत्पादनमूलक क्षेत्रको परीक्षाको नतिजा समेत नआउँदै केही व्यक्ति/समुह/संस्थाहरुका सामाजिक सञ्जालहरु (TikTok, Facebook, Whatsapp group, Youtube channel र Vlog, आदी) मा परीक्षाको नतिजा प्रकाशन हुने मिति एवं नतिजाको CUTLINE यति हुने भनी अनुमान गरी पोष्ट गरेको र केही भाषा प्रशिक्षण गर्ने संस्थाहरूले समेत मेरो संस्थाबाट पढेका विधार्थीहरु अत्याधिक उत्तीर्ण भएको भनी अपवाहपूर्ण विज्ञापन गरेको विषय जानकारीमा आएकोले परीक्षाको नतिजाका लागी **CUTLINE** कति कायम गर्ने र कति स्कोर गर्नेलाई उत्तीर्ण गराउने/नगराउने विषय HRD Service Of Korea को मुख्यालयबाट निर्धारण हुने र सो कुरा तहाँबाट सूचना नआएसम्म कसैको जानकारीमा समेत नहुने भएकोले कुनै पनी व्यक्ति,/संस्थाले त्यस्ता झुठ्ठा, भ्रमाक र असत्य सूचना प्रकाशन एवं प्रशारण नगर्नु/नगराउनु हुन अनुरोध गर्दछौं ।साथै, त्यस्ता झुठ्ठा, भ्रमाक र असत्य सूचना प्रकाशन एवं प्रशारण गर्ने जोकोहीलाई कानून बमोजिम कारवाही हुने समेत जानकारीका लागी अनुरोध छ र त्यस्ता झुठ्ठा एवं भ्रमपूर्ण विज्ञापन/पोष्टको पछाडी नलागी यस कार्यालयको आधिकारिक वेभसाईट www.epsnepal.gov.np र फेसबुक पेज https://www.facebook.com/groups/epsnepal2007 वाट प्रकाशित सूचनाहरु मात्र आधिकारीक मान्न हुन सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गर्दछौं ।

साथै, सन् २०२५ को कोरियन भाषा परीक्षा (EPS-TOPIK) मा सहभागी हुने सम्पूर्ण परिक्षार्थीहरुलाई पूर्ण सफलताको शुभकामना समेत व्यक्त गर्दछौं ।

**नोट:-**

- यस ई.पि.एस. कोरिया शाखाको आधिकारीक सूचना तथा जानकारी यस शाखाको वेभसाईट [www.epsnepal.gov.np](http://www.epsnepal.gov.np) र फेसबुक पेज [https://www.facebook.com/groups/epsnepal2007](https://www.facebook.com/groups/epsnepal2007) मा प्रकाशित सूचनाहरु मात्र आधिकारीक मान्न हुन अनुरोध छ ।




यस शाखाको वेभसाईट







यस शाखाको आधिकारिक फेसबुक पेज

Admin

- थप जानकारीका लागि कार्यालयको फोन नं. ०१-५१८६३४९, ०१-५१८६३५०, ९७६५०१३७६९ र ९७६६३८५७९१ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

ई.पि.एस. कोरिया शाखा

शाखा अधिकृत